मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com

# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जस्पुर, प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

**प.स २०७९/०८०**
**च.नं:**

## गाउँपालिकाको लोगो डिजाइनको प्रस्ताव आह्वान सम्वन्धी सूचना।

**सूचना प्रकाशित मिति: २०७९/०६/२६**

यस गाउँपालिकाको सामाजिक साँस्कृतिक आर्थिक धार्मिक ऐतिहासिक पर्यटकीय लगायतका विशेषता झल्कने लोगो प्रयोगमा ल्याउनका लागि यस गाउँपालिकाको कार्यपालिकाले निर्णय गरे बमोजिम तपसिलका शर्तका अधीनमा रही लोगोको डिजाईन तयार गरी प्रस्ताव आह्वान सम्वन्धी सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र वा प्रस्ताव पेश गर्ने अन्तिम दिन कार्यालय वन्द रहेमा कार्यालय खुलेको पहिलो दिन कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि अनुरोध छ। प्राप्त लोगो डिजाइनहरु मध्ये लोगो निर्माण मूल्याङ्कन समितिको मूल्याङ्कनबाट उत्कृष्ठ भएको लोगो प्रयोगमा ल्याईनेछ । उक्त लोगोको डिजाइनकर्तालाई नगद रु २०,०००/- पुरस्कारमा नियमानुसार करकट्टी गरि सम्मान सहित दिईनेछ ।

**<u>लोगो निर्माण गर्दा ध्यान दिनु पर्ने विषयहरु</u>**

- गाउँपालिकाको नाम र नेपालको झण्डा अंकित हुनुपर्ने,
- माण्डवी गाउँपालिका अन्तर्गतका आर्थिक, सामाजिक, धार्मिक, सास्कृतिक, ऐतिहासिक, पर्यटकीय क्षेत्र लगायतका विषय समावेश हुनुपर्ने,
- आकर्षक रङ रोगनले सुसज्जित हुनुपर्ने,
- कुनै पनि जातीय विभेद, साम्प्रदायिकता, सार्वभौमसत्ता, राष्ट्रिय एकतामा खलल पुग्ने चिन्ह वा संकेत हुन नहुने,
- मौलिक र सृजनात्मकतालाई विशेष ख्याल गरिनुपर्ने,
- डिजाइन गरेको लोगो अन्य कार्यालय वा संघ संस्थाहरुसँग मेल खाने हुन नहुने,
- लोगोमा प्रयोग भएका संकेतहरुको संक्षिप्त व्याख्या हुनुपर्नेछ, आदि।
- लोगो डिजाइन गरी सफ्टकपी सहित पठाउनु पर्नेछ।

...................
प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत